# काठमाडौं जिल्ला अदालत

बबरमहल, काठमाडौं

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७४।०५।२८ गते)*

आ.व. २०७४/७५ को लागि काठमाडौं जिल्ला अदालतको सरसफाई तथा हेरचाह सम्बन्धी कार्य गर्ने नेपाल सरकारबाट इजाजतपत्र प्राप्त, स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका, कालोसूचीमा नपरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिम रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन कार्यालय समयमा यस अदालतबाट नगद रु १,०००।- (एक हजार रुपैयाँ) फिर्ता नहुने गरी बोलपत्र प्राप्त गर्न सकिने छ । अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

२ नेपाल सरकारबाट प्राप्त इजाजत पत्र स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता तथा नवीकरण भएको र आ.व. २०७२/७३ को कर चुक्ता प्रमाणपत्रहरूको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

३ नेपाल राष्ट्र बैंक थापाथली स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकम यस अदालतको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट १२० (एक सय बीस) दिन म्याद जारी भएको सक्कलै जमानत (वीड वण्ड) पेश गर्नु पर्नेछ ।

४ बोलपत्रदाताले आफूले गर्न चाहेको कामको लागि छुट्टाछुट्टै सिलबन्दी बोलपत्रको खाम बाहिर कामको विवरण ठेक्का नं. कम्पनीको नाम, ठेगाना, सम्पर्क नं. उल्लेख गरी ३१औं दिनको १२:०० बजेभित्र यस अदालतमा दाखिला गर्नु पर्नेछ । सो दिन बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समयभित्र दाखिला गर्न सकिने छ ।

५ ३१औं दिनको २:०० बजे तोकिएका प्रतिनिधि र बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा सिलबन्दी बोलपत्र खोलिने छ । बोलपत्र दाता वा प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्धी बोलपत्र खोल्न सकिने छ ।

६ अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइ सोही अनुरूप गरिने छ ।

७ बोलपत्र स्वीकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुने रकम उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट १ वर्षको म्याद जारी भएको सक्कलै कार्य सम्पादन जमानत (विड वण्ड) म्याद भित्र जम्मा गरी अदालतमा सम्पर्क गर्नु पर्नेछ ।

८ सिलबन्धी बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहने छ ।

९ कुनै सरकारी कार्यालय वा कुटनैतिक नियोग वा सार्वजनिक संस्थानमा सन्तोषजनक रूपमा कम्तीमा ३ वर्ष सम्बन्धित कार्य गरेको अनुभवको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१० बोलपत्रदाता स्वयंले उल्लेखित कार्यमा अयोग्य नभएको आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले कुनै सजाय नपाएको भनी लिखित घोषणा पेश गर्नुपर्नेछ ।

११ माथि उल्लेख नभएका अन्य शर्तहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन) मा उल्लेख भए अनुसार हुनेछ ।

१२ विस्तृत जानकारीकोलागि कार्यालय समयभित्र यस अदालतमा सम्पर्क गर्न सकिने छ । फोन नं. ०१-४२२३९३२

### तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सम्बन्धित कार्यालय | अनुमानित स्टीमेट (भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०१/२०७४/७५ | सरसफाई तथा हेरचाह सम्बन्धी कार्य | काठमाडौं जिल्ला अदालत | रु ३८,५६,५८४।८० | रु १,१०,०००।- |